# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १०६ | काठमाडौं | सोमबार, २३ साउन २०७९ | Prabhab National Daily, | Monday, Aug 8, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


# चोलेन्द्रविरूद्धको महाभियोग अघि बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्धको महाअभियोग प्रस्ताव अघि बढाइएको छ । आइतबार प्रतिनिधिसभा बैठकमा भएको छलफलपछि उक्त प्रस्तावलाई महाअभियोग सिफारिस समितिमा पठाउने प्रस्ताव बहुमतबाट स्वीकृत भएसँगै पाँच महिनादेखि रोकिएको प्रस्ताव अघि बढेको छ। संसद्ले गठन गरेको ११ सदस्यीय महाभियोग छानबिन समितिमा पठाउने प्रस्ताव आइतबारको प्रतिनिधिसभा बैठकको बहुमतले पारित गरेको हो ।

सत्ता गठनबन्धन आबद्ध नेपाली कांग्रेस, नेकपा माओवादी र एकीकृत समाजवादीका



९८ जना सांसदले प्रधानन्यायाधीश चोलेन्द्रविरुद्ध गएको फागुन १ गते संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता गरेका थिए । संविधान र कानुनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमता अभाव, खराब आचरण, इमान्दारपूर्वक पदीय कर्तव्य पालना नगरेको र आचारसंहिता गम्भीर उल्लंघन गरेकोलगायत २१ बुँदे आरोप लगाएर राणामाथि महाभियोग प्रस्ताव दर्ता गरिएको थियो । महाभियोग प्रस्ताव दर्ता भएसँगै राणा निलम्बनमा परे भने कामु प्रधानन्यायाधीशको जिम्मेवारी वरिष्ठतम् न्यायाधीश दीपकुमार कार्कीले पाए ।

आइतबार सभामुख अग्निप्रसाद सापकोटाले जबराविरुद्धको महाभियोगमा सामान्य छलफल गराउँदै समितिमा पठाउने प्रस्ताव निर्णयका लागि प्रतिनिधिसभा बैठकमा पेस गरेका थिए। बहुमत सांसदहरुले 'हुन्छ' भन्दै प्रस्तावमा सहमति जनाएपछि सभामुख सापकोटाले उक्त प्रस्ताव समितिमा पठाएका हुन्। अब समितिले तीन महिनाभित्र जबरामाथि लागेको आरोपमा छानबिन गरेर प्रतिवेदन बुझाउनुपर्नेछ । सर्वोच्चका प्रधानन्यायाधीशमाथि महाभियोगका लागि छानबिन समितिले काम गर्न लागेको यो पहिलो पटक हो ।

यसअघि तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध पनि महाभियोग प्रस्ताव दर्ता भएको थियो । उक्त प्रस्ताव सर्वोच्च अदालतको एकल इजलासले अन्तरिम आदेश जारी गरेपछि स्वत: निष्क्रिय भएको थियो । फागुनयता जबराविरुद्धको महाभियोगको प्रस्तावमाथि छलफल अघि बढ्न सकेको थिएन । सरकारले लगातार टार्दै छलफल रोकेको थियो ।

आइतबार महाभियोगमाथि छलफल हुनुअघि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले प्रधानन्यायाधीश जबराविरुद्धको महाभियोगको पनि कार्यसूची कामचलाउ भइसकेको सरकारले सदनमा पठाएको भन्दै आपत्ति जनाएका थिए। 'सरकार कामचलाउ भइसकेको अवस्थामा प्रधानन्यायाधीश जबराविरुद्ध कारबाहीको कार्यसूची पनि आएको छ । सामान्यतया तीन महिनामा यसको छिनोफानो हुनुपर्ने हो । दिनभरि यो सरकार सुतेर बस्यो । रात परेपछि तातेको छ। समिति गठन भएको तीन महिना हो कि बिजनेस दिएको तीन महिना हो ? सरकाले उत्तर दिनुपर्छ,' ज्ञवालीले भने । जसरी पनि अमुक व्यक्तिलाई निलम्बन गर्नैपर्ने नियतले यो सरकार लागेको उनको आरोप छ ।

महाभियोग प्रस्तावमाथिको छलफलमा भाग लिँदै एमाले सांसद खगराज अधिकारीले अबको तीन महिना (बाँकी पृष्ठ ३ मा)

# गठबन्धनमा कसरी होला सिट बाँडफाड ?

सत्ता गठबन्धनभित्र सबैभन्दा पेचिलो बनेको विषय नै सिट बांडफाड हो । गठबन्धनमा आबद्ध दलहरूको आ-आफ्नै रणनीति र हैसियतभन्दा बढी दाबीजस्ता कारणले यो विषय झनै पेचिलो बन्ने देखिन्छ ।

■ आरके शाही

**काठमाडौं–** शुक्रबार बसेको सत्ता गठबन्धनका शीर्ष नेताहरूको बैठकमा निर्णय भयो- आउँदो मंसिर ४ मा तोकिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा तालमेल गर्ने । भदौ पहिलो साताभित्र सिट बाँडफाड टुंग्याउने । त्यसका लागि कार्यदल बनाउने ।

यसअघि गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा तालमेल गरेको सत्ता गठबन्धनले आउँदो निर्वाचनमा पनि तालमेललाई निरन्तरता दिने निर्णय गरेकै दिन ११ सदस्यीय कार्यदल पनि बनायो । कार्यदलमा नेपाली कांग्रेसबाट महामन्त्री गगनकुमार थापा, नेता कृष्णप्रसाद सिटौला र ज्ञानेन्द्रबहादुर कार्की छन् । माओवादी केन्द्रबाट देवप्रसाद गुरुङ र वर्षमान पुन, एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल सदस्य छन् ।

जनता समाजवादी पार्टीबाट रामसहाय यादव, रकम चेम्जोङ र राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य रहेका छन् । कार्यदलले कुन दलले कति सिट पाउने भन्ने विषयमा 'मोडालिटी' तयार गरेर गठबन्धनका शीर्ष नेताहरूलाई सिफारिस गर्नेछ ।

**सजिलो छैन सिट बाँडफाड**

सत्ता गठबन्धनभित्र सबैभन्दा पेचिलो बनेको विषय नै सिट बाँडफाड हो । गठबन्धनमा आबद्ध दलहरूको आ-आफ्नै रणनीति र हैसियतभन्दा बढी दाबीजस्ता कारणले यो विषय झनै पेचिलो बन्ने देखिन्छ । गएको स्थानीय निर्वाचनमा पनि पेचिलो बनेको र मूलत: गठबन्धन नै प्रभावकारी हुन नसकेको परिप्रेक्ष्यमा संघीय निर्वाचनमा झन् सकस थपिने निश्चित छ ।

१६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये आफूले ९५ सिट राखेर बाँकी ७० सिट



गठबन्धनका अन्य दललाई दिने कांग्रेसको प्रस्ताव छ । तर, यसमा गठबन्धनका अन्य दल खासगरी नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी तयार छैनन् । माओवादी अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कांग्रेसबाहेकका चार दलले कम्तीमा ८५ सिट पाउनुपर्ने अडान राखेका छन् । यसो हुँदो कांग्रेसको भागमा ८० सिट पर्नेछ ।

२०७४ को निर्वाचनमा जितेको निर्वाचन क्षेत्रमा साविककै दललाई छोड्ने र एमालेले जितेका क्षेत्रलाई गठबन्धन दललाई बाँडफाड गर्ने विषय कांग्रेसबाहेकका दलहरूले उठाउने तयारी छ । तर, कांग्रेस भने यो मान्न तयार छैन । कांग्रेसको साउन पहिलो साता सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले आफ्नो एकल बहुमत आउनेगरी गठबन्धन गर्ने निर्णय गरेको थियो ।

केन्द्रीय कार्यसमिति बैठकमा गृहमन्त्री बालकृष्ण खाणले एक्लाएक्लै लड्दा कुन दलले कति सिट जित्न सक्छन् भन्ने आकडा पेस गरेका थिए । त्यसमा एक्लै लड्दा माओवादी आठ र नेकपा एकीकृत समाजवादी एक सिटमा अगाडि रहेको 'ब्रिफिङ' गरेका थिए ।

गृहमन्त्रीको प्रतिवेदनअनुसार कांग्रेसले ७६, एमालेले ७१, माओवादी आठ, जसपा पाँच, लोसपा दुई, नेकपा एकीकृत समाजवादी, नेपाल मजदुर किसान पार्टी र नागरिक उन्मुक्ति पार्टीले एक/एक सिट जित्ने आकडा प्रस्तुत गरेका थिए । उक्त कुरा बाहिर आएपछि माओवादी अध्यक्ष दाहाल र एकीकृत समाजवादीका अध्यक्ष नेपालले सार्वजनिकरूपमै चित्त दुखाएका थिए । जुन विषय (बाँकी पृष्ठ ३ मा)

## गठबन्धन भत्काउने 'ओली अस्त्र'

**काठमाडौं (प्रस)–** सत्तारूढ गठबन्धनले निर्वाचनमा तालमेल गरेर जाँदा सबैभन्दा घाटा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेलाई नै लाग्नेछ । हाल पहिलो पार्टी भएर पनि सत्ताबाहिर रहनुपरेको एमाले वर्तमान गठबन्धन कायमै रहे अर्को पाँच वर्ष पनि सत्ताबाहिर रहने भयमा छ । त्यही भयको संकेत एमाले अध्यक्ष केपी शर्मा ओलीका पछिल्ला अभिव्यक्ति हुन् ।

ओलीले आइतबार एक कार्यक्रममा वर्तमान गठबन्धन एमालेलाई रोक्नका लागि मात्रै बनेको दोहोर्‍याए । एमालेले गएको तीन वर्षमै २० वर्षमा हुन नसकेको काम गरेको दाबी गर्दै ओलीले यसबाट आत्तिएकाहरूले एमालेलाई रोक्न खोजिरहेको गुनासो गरे ।

ओलीले आगामी चुनावमा गठबन्धन बनाउने निर्णय डुब्न लागेकाको त्यान्द्राको सहारा भएजस्तै रहेको टिप्पणी पनि गरे । 'हिन्दीमा भनिन्छ नि, डुब्तेको तिन्केका सहारा। डुब्दै गर्दा त्यान्द्रो समातेर बाँच्न खोज्छ । यी सबै डुब्न लागेकाहरू हुन् । एकले अर्कालाई निकालिदिए त हुन्थ्यो तर डुबिएला भनेर एकले अर्कालाई समातेको छ। सबै डुब्न बेर छैन,' आइतबार एमालेनिकट भुपू सैनिकको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने । अहिले एमालेविरुद्ध कम्युनिस्ट विरोधी, प्रगति विरोधी र राष्ट्रियता विरोधी एक ठाउँ आइपुगेको उनले टिप्पणी गरे ।

उसो त मौका पाए भने ओली पनि गठबन्धनका लागि तयार छन् । तर, उनी झुक्न तयार छैनन् । (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## जापानमा रहेका नेपालीहरूलाई दाहालले भने

# 'स्वदेशमै रोजगारीको अवसर पाइने वातावरण मिलाउँदै छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं-** जापान भ्रमणमा रहेका पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेपालीहरुलाई अहिले नै वैदेशिक रोजगारीबाट स्वदेश नफर्किन आग्रह गरेका छन् । जनप्रगतिशील मञ्च जापानले टोकियोमा आयोजना गरेको 'समृद्ध नेपालको आधार, आर्थिक क्रान्तिमा प्रवासी नेपालीको सरोकार' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उनले मुलुकमा राजनीतिक स्थायित्व र रोजगारीको आधार बनिनसकेको भन्दै नेपालीहरुलाई अहिले नै स्वदेश फर्किहाल्ने बेला नभएको बताएका हुन् ।

राजनीतिक अवस्थाका कारण स्वदेशमा रोजगारी सिर्जना गर्न कठिनाइ भएको दाहालको भनाइ छ । उनले राजनीतिक स्थायित्व कायम नभएसम्म केही समय नेपाली श्रमिकलाई विदेशमै रहन सुझाव दिए । 'म तपाईंहरुसमक्ष इमान्दारपूर्वक भन्न चाहन्छु, तपाईंहरु अझै स्वदेश फर्कने बेला भएको छैन,' अध्यक्ष दाहालले भने, 'केही समय पर्खिनुहोस्, हामी राजनीतिक स्थायित्व कायम गर्नेतर्फ अग्रसर भएका छौं, तपाईंहरुलाई स्वदेश फर्कने वातावरण मिलाउँदै छौं ।'

उनले राजनीतिक स्थायित्व कहिलेसम्म कायम हुन्छ भन्ने कुरा केही खुलाएनन् । नेपालीहरु कहिलेसम्म विदेशमा काम गरिरहनुपर्ने हो त्यसबारे पनि प्रस्ट पारेनन् । तर, दाहालले विदेशमा रहेका नेपालीहरुलाई पनि



भोटिङ अधिकार दिन आफूले प्रयास गरिरहेको बताए । दाहालले जापानमै पुगेर वैदेशिक रोजगारीबाट अहिले नफर्कन गरेको आग्रहलाई विदेशमा रहेका नेपालीहरुले कुन रुपमा लिने हो त्यो भविष्यले नै देखाउला । तर, अझै पनि नेपालीहरुलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरेको प्रस्ट सन्देश गएको छ । दाहालको अभिव्यक्ति आउनु केही दिनअघि मात्रै जापानले नेपाली कामदार लैजाने विषयमा नेपाल सरकारसँग दोस्रो संयुक्त कार्यसमिति बैठक बसेर जापानिज भाषा र सीप सिकेर बसेका नेपाली श्रमिकलाई यथाशक्य छिटो जापान लैजान सहजीकरण गर्ने निर्णय भएको थियो ।

दाहालले समृद्ध नेपाल निर्माणमा प्रवासी नेपालीको भूमिकालाई पनि सम्झिए । समृद्ध मुलुक निर्माणको लागि विदेशमा रहेका नेपालीको भूमिका महत्त्वपूर्ण हुने भन्दै उनले विदेशिएका नेपालीलाई स्वदेश फर्काउन अपिल गर्ने दिनको प्रतीक्षामा रहेको बताए । विकास र समृद्धिका लागि सुशासन नै प्रमुख आधार रहेको बताउँदै दाहालले त्यसका लागि सबैको साथ र सहयोग जरुरी रहेको बताए । भ्रष्टाचार हुन नदिन सुशासन आवश्यक रहेको भन्दै उनले आफू दुई पटक प्रधानमन्त्री हुँदा भ्रष्टाचार भयो भनेर सुन्नु नपरेको दाबी गरे । मुलुकमा विकाससँगै रोजगारी सिर्जना हुने भन्दै दाहालले त्यसका लागि राजनीतिक स्थायित्व प्रदान गर्न देश भित्र र बाहिर भएका सबै नेपालीले सामूहिक प्रयत्न गर्नुपर्नेमा जोड दिए ।

## साउदी जेलमा रहेका ५ नेपाली रिहा

**काठमाडौं (प्रस)-** साउदी अरेबियाको दमामस्थित जेलमा रहेका पाँच जना नेपाली मजदुर रिहा भएका छन् । हत्या अभियोगमा जेल सजाय पाएका उनीहरुलाई त्यहाँको अदालतले निर्दोष सावित गरेलगत्तै रिहा भएका हुन् । एक भारतीयको हत्या गरेको आरोपमा उनीहरु चार वर्षदेखि जेलमा थिए ।

निर्दोष सावित भई जेलमुक्त हुनेहरुमा भक्तपुरका कृष्णबहादुर गान्सी, धनुषाका रामप्रसाद ठाकुर, सिरहाका बासुदेव ठाकुर, महोत्तरीका इन्द्रजित मण्डल र इलामका धनबहादुर तामाङ रहेका छन् । उनीहरुलाई जेलमुक्त गराउन सामाजिक अभियन्ता सरोज रायले पहल गरेका थिए ।

उनका अनुसार रिहा भए पनि उनीहरुले केही समयपछि मात्रै नेपाल फर्किन पाउने छन् । साउदी कानुनअनुसार अभियुक्त निर्दोष सावित भएपछि क्षतिपूर्ति दाबी गर्न पाइन्छ । 'उनीहरुले काम गरेको कम्पनीबाट पारिश्रमिक पनि लिन बाँकी छ,' अभियन्ता रायले भने, 'त्यसैले क्षतिपूर्ति र कम्पनीबाट तलब लिएर केही समयपछि उनीहरु नेपाल फर्किने छन् ।'


+2 Programme
Science
Management
Humanities

TRINITY INTERNATIONAL SS & COLLEGE invites applications from post-SEE/equivalent students for the +2 programme.

Eligibility
Applicants must have the following minimum levels in SEE or equivalent exams:

| Science | Management & Humanities |
| --- | --- |
| GPA 2.8 | GPA 2.4 |
| Subject Grades C+ in English, Maths & Science and D+ in the other subjects | Subject Grades D+ in each subject |

Key Dates
Entrance cum scholarships Tests
Science
Monday, 8 August, 2022 (23 Shrawan, 2079)
Management & Humanities
Monday, 8 August, 2022 (23 Shrawan, 2079)

TRINITY INTERNATIONAL SS & COLLEGE
Dillibazar Height, Kathmandu, Nepal, Tel: +977 1 4445955/4445956
Email: admissions@trinity.edu.np
Education for the Future

# उपत्यकामा फेरि सुरु भयो 'नो हर्न' अभियान



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकामा पुनः 'नो हर्न' अभियान सुरु भएको छ । सवारी चालकहरुले हर्न बजाएर ध्वनी प्रदूषण बढाउन थालेपछि आइतबारदेखि पुनः यो अभियान अगाडि बढाइएको हो ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत उक्त अभियानलाई पुनः सुरु गरिएको हो । आइतबार आयोजित कार्यक्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयकी प्रमुख प्रहरी नायब महानिरीक्षक मीरा चौधरी र काठमाडौं महानगर प्रमुख बालेन्द्र शाहले 'नो हर्न' लेखिएको पहेँलो स्टिकर एकअर्काको सवारीसाधनमा टाँसेर कार्यक्रमको शुभारम्भ भएको घोषणा गरेका थिए ।

'नो हर्न' अभियान सफल बनाउनका साथै सडक प्रयोगकर्तामा सचेतना फैलाउन आइतबारदेखि पद्मकन्या बहुमुखी क्याम्पसका १०० जना विद्यार्थी १५ दिनका लागि ट्राफिक प्रहरीसँगै सडकमा खटिएका छन् । हर्नले ध्वनी प्रदूषण मात्र नभई व्यक्तिको मानसिक स्वास्थ्यमासमेत नकारात्मक प्रभाव पार्ने भएकाले 'नो हर्न' कार्यक्रमलाई निरन्तरता दिन लागिएको काठमाडौं महानगर प्रमुख शाहले बताए ।

काठमाडौं उपत्यकामा ध्वनी प्रदूषण नियन्त्रणका लागि २०७४ वैशाख १ गतेदेखि 'नो हर्न' लागू गरिएको थियो । अत्यावश्यक पर्दाबाहेक अन्य अवस्थामा हर्न बजाउन निषेध गरिएको छ । केही समय लागू भए पनि पछिल्लो समयमा कार्यान्वयन हुन सकिरहेको थिएन । अहिले पुनः कार्यक्रमलाई तीव्रता दिन लागिएको छ ।

कार्यक्रमको थालनी रामशाहपथस्थित काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको प्रांगणबाट गरिएको थियो । त्यसपछि काठमाडौं महानगरपालिकाका प्रमुख शाह, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयकी प्रमुख प्रहरी नायब महानिरीक्षक चौधरी, स्वयंसेवक, पद्मकन्या क्याम्पसका प्राध्यापक र विद्यार्थीले सिंहदरबार चोकमा गई सार्वजनिक तथा निजी सवारीसाधनमा 'नो हर्न' लेखिएको स्टिकर टाँसेका थिए ।

**एक हप्तामा १७ हजार चालकमाथि कारबाही**

यसैबीच ट्राफिक प्रहरीले उपत्यकामा एक हप्तामा १७ हजार ४९३ सवारी चालकलाई कारबाही गरेको छ । ट्राफिक नियम उल्लंघन गरेका कारण उनीहरुलाई काठमाडौं उपत्यका ट्राफिक तथा त्यस मातहतका कार्यालयले कारबाही गरेको हो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार सबैभन्दा बढी कारबाहीमा मादक पदार्थ सेवन गरी सवारी चलाउने चालक छन् । यही साउन १५ देखि २१ गतेसम्ममा मादकपदार्थ सेवन गरी सवारी चलाउनेको संख्या एक हजार ७४ छ ।

ट्राफिक प्रहरी कार्यालयले कारबाहीमा पर्ने सवारी चालकको वर्गीकरण गर्दै सूची बनाउने गरेको छ । मापसे गरी सवारीसाधन चलाउने एक हजार ७४, लेन मिच्ने ६५९, रेड लाइटमा सवारी चलाउने ५७४, जथाभावीरुपमा नम्बर प्लेट बनाउने २४२ र अन्य गरी १४ हजार ९४४ चालकलाई कारबाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ ।

तथ्यांकअनुसार शुक्रबार मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउनेको संख्या सबैभन्दा बढी छ भने सोमबार सबैभन्दा कम छ । शुक्रबार मादकपदार्थ सेवन गरी सवारी चलाउने २३२ तथा सोमबार ११५ चालक रहेका छन् ।

# अख्तियारमा उजुरी गर्ने क्रम बढ्यो

**काठमाडौं–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयमा उजुरी पर्ने क्रम बढ्दै गएको पाइएको छ । आयोगमा चालु आर्थिक वर्षको साउन २० गतेसम्ममा एक हजार ४३२ उजुरी परेका छन् ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार लिखित उजुरी ५५७, हुलाकमार्फत २७२, इमेलमार्फत २५३, वेबसाइटमार्फत १९३, टेलिफोनमार्फत ८४, समाचारमार्फत ३६, फेसबुकमार्फत १०, भाइबरमार्फत दुई र अन्य गरी २५ उजुरी परेका छन् ।

यसैगरी आयोगको कञ्चनपुरस्थित कार्यालयमा ९५, पोखरामा ७०, बुटवलमा ६७, नेपालगञ्जमा ४१, बर्दिबासमा ९२, सुर्खेतमा ९४, हेटौंडामा ८५, इटहरीमा ९४ र आयोगको मुख्य कार्यालय टंगालमा ७९४ उजुरी परेका थिए । आयोगले चालु आर्थिक वर्षको २० दिनमा घुस मागेको आरोपमा तीन जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा एक उपसचिव र दुई अधिकृत छन् ।

यही साउन १ देखि साउन २० गतेसम्ममा अख्तियार दुरुपयोग अनुसन्धान अयोगको कार्यालय, टंगाल तथा त्यस मातहतका कार्यालयबाट खटिएको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । साउन १८ गते आन्तरिक राजस्व कार्यालय, महाराजगञ्जमा कार्यरत कम्प्युटर अधिकृत विन्दु श्रेष्ठ प्रधानलाई आयोगको टोलीले घुससहित पक्राउ गरेको हो । प्रधानले कम्प्युटर बिलिङको सफ्टवयर स्वीकृतिका लागि सेवाग्राहीसँग ३० हजार रुपैयाँ घुस मागेको उजुरी परेपछि आयोग टोलीले रकमसहित उनलाई पक्राउ गरेको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

यस्तै साउन १८ गते सेवाग्राहीबाट घुसबापत लिएको छ लाख रुपैयाँसहित र स्रोत नखुलेको १६ लाख ५० हजार रुपैयाँसहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल पक्राउ परे । आयोगको टोलीले नेपाललाई नागपोखरीस्थित एक होटलबाट घुसबापतको रकमसहित नियन्त्रणमा लिएको थियो । त्यससम्बन्धी अनुसन्धान अघि बढेको प्रवक्ता भण्डारीले बताए ।

त्यस्तै चालु आवकै पहिलो दिन साउन १ गते कैलालीको मोहन्याल गाउँपालिकाका अधिकृत दीपेन्द्र बुढा क्षेत्रीलाई कञ्चनपुरस्थित आयोगको टोलीले ३० हजार रुपैयाँ घुससहित पक्राउ गर्‍यो । घोडाघोडी नगरपालिका-१ स्थित नवरत्न होटलबाट सेवाग्राहीको ३० हजार घुसबापतको रकमसहित उनी पक्राउ परेका थिए । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAUBROS HOLDINGS (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/२० LT. No.268640 चलानी नं. ६०१८२६८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४७७/०६०/०६१

Jupiter Overseas Concern Pvt. Ltd.

Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605,4564178 Fax : +977-1-4462594

E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com

## CYPRUSमा वैदेशिक रोजगारको अवसर

कम्पनी : V. VARNAVA EMPLOYMENT AGENCY LTD.

पुर्व स्वीकृति मिति २०७८/११/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२२ LT. No. 259364 चलानी नं. ६०१७५७३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestice Worker | 0 | 15 | 314 | ४०,८४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook (A) | 3 | 0 | 950 | १,२३,१७५ | | | | | | | |
| 3 | Cook (B) | 2 | 0 | 850 | १,१०,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०१९

सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७, ९८६४१०५८७८

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पुर्व स्वीकृति मिति : २०७९/०४/२२ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Supreme Overseas Pvt. Ltd.

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : POH KONG JEWELLERY MANUFACTURER SDN. BHD.

पुर्व स्वीकृति मिति :२०७९/०४/२२ LT. No. 268827 चलानी नं. ६०१८४६७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 40 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EVERFRESH FRUITS IMPORT TRADING SDN BHD

पुर्व स्वीकृति मिति :२०७९/०४/२२ LT. No. 268826 चलानी नं. ६०१८४६७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 10 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन ३१ गते (16th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Aadarsha Human Resources Pvt. Ltd

श्रम ईजाजत नं. १०२९/०६८/०६९

Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704

Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com

Website : www.aadarshahr.com.np

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJED KHALED AL DOSSARY GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०४/२० LT. No. 268653 चलानी नं. ६०१८४७१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pan Road Machinery Driver | 1 | 0 | 1800 | ६०,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

कम्पनी: WALCO MIDDLE EAST WLL.

पूर्व स्वीकृति मिति २०७९/०४/२२ LT. No.268589 चलानी नं. ६०१८४७११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Technician | 1 | 0 | 1500 | ५२,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mechanic | 2 | 0 | 1500 | ५२,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JIN PROFIT MANUFACTURER SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२० LT. No. 268637 चलानी नं. ६०१८४७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.

Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal

Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937

E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FU HAO HOU TRADING

पूर्व स्वीकृति मिति : २०७९/०४/२० LT. No. 268387 चलानी नं.६०१८४५६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2000 | ६९,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ८७,३९० | | | | | | | |
| 3 | Sales Managar | 1 | 0 | 6300 | २२०,२२५ | | | | | | | |
| 4 | Suprevisor | 1 | 0 | 2500 | ८७,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd

Govt.Lic. No. 1241/074/075

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044

E-mail : mail@aarambhahr.com, info@aarambhahr.com

Website : www.aarambhahr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZERO ONE ZERO THREE TRADING CONTRACTING & CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०७९/०४/२० LT. No. 268216 चलानी नं. ६०१८४५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1400 | ४८,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३४,९५५ | | | | | | | |
| 3 | Site Engineers | 1 | 0 | 5000 | १७४,७८० | | | | | | | |
| 4 | Waiter | 1 | 0 | 1400 | ४८,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन ३० गते (15th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.

श्रम इजाजत नं.८०१/०६५/०६६ Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +9771-4385028, E-mail : swifthrgroup@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF MAHMAL SUPPORT SERVICES CO.LTD.

पूर्व स्वीकृति मिति २०७९/०४/२२ LT. No. 267119 चलानी नं. ६०१८४६६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF MAHMAL SUPPORT SERVICES CO.LTD.

पूर्व स्वीकृति मिति २०७९/०४/२२ LT. No. 267118 चलानी नं. ६०१८४६६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roofs Cleaning Worker | 4 | 0 | 1000 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः साउन ३० गते (15th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.

Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :CHANG XIN POLYTHENE SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०४/२२ LT. No. 268915 चलानी नं. ६०१८४७८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :REFINE ENTERPRISE (M) SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०४/२२ LT. No. 268871 चलानी नं. ६०१८४७४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 35 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मितिः साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610

E-mail : alhaya.recruitment@gmail.com

## गठबन्धनमा कसरी...

पृष्ठ १ बाट जारी

उनीहरूले गठबन्धनको बैठकमा पनि उठाउने गरेका छन् । 'सम्मानजनक' सिट नदिए गठबन्धन तोड्ने उनीहरूको 'धम्की' छ ।

शनिबार पोखरामा आयोजित एक कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष नेपालले कांग्रेसलाई लक्षित गर्दै भने- गठबन्धनका कुनै पनि दलले एक्लै बहुमत ल्याउँछु भनेर घमण्ड र अहंकार नगरे हुन्छ । मुस्लिम इत्तेहाद संगठनको गण्डकी प्रदेशस्तरीय भेलाको शनिबार पोखरामा उद्घाटन गर्दै उनले आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले आफ्नो पार्टीलाई देशैभर थप स्थापित गर्नेसमेत दाबी गरे ।

उनी मात्र होइन माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेता नारायणकाजी श्रेष्ठलगायतले पनि यस्ता धम्कीका भाषा प्रयोग गर्ने गरेका छन् । उनीहरू सत्ताको नेतृत्वकर्ता दल नेपाली कांग्रेसलाई दबाबमा राखेर जतिसक्यो धेरै सिट हत्याउने दाउमा छन् । जुन कुरा कांग्रेसका नेताहरूले बुझिरहेका छन् ।

**एकल बहुमत ल्याउने कांग्रेसको दाउ**

सत्ताको नेतृत्वकर्ता नेपाली कांग्रेस भने एकल बहुमत ल्याउने रणनीतिमा छ । गठबन्धन पनि नतोड्ने र आफ्नो एकल बहुमत पुऱ्याउने योजना उसको छ । जसका लागि ऊ गठबन्धनका अन्य दललाई धेरै सिट दिन तयार छैन । माओवादी, समाजवादी र जसपालाई 'साइज'मा राखिराख्ने तर, आफ्नो एकल बहुमत नगुम्नेगरी सिट बाँडफाड गर्ने कांग्रेसको योजना छ ।

कांग्रेस महामन्त्री गगन थापाले शनिबार भक्तपुरमा आयोजित एक कार्यक्रममा नेता/कार्यकर्तालाई कांग्रेसको एकल बहुमत ल्याउनेगरी निर्वाचनमा होमिन निर्देशन दिए । उसो त कांग्रेस केन्द्रीय कार्यसमिति बैठकबाटै यो विषयको औपचारिक निर्णय गरिसकेको छ । त्यसैले सभापति शेरबहादुर देउवा दबाबमा छन् ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० सिटका लागि निर्वाचन हुनेछ । यसमा कुनै पनि दललाई एकल बहुमतका लागि १३८ सिट जित्नु आवश्यक हुन्छ । २०७४ को निर्वाचनमा प्रतिनिधिसभातर्फ कांग्रेसले प्रत्यक्षमा २३ र समानुपातिकतर्फ ४० गरी ६३ सिट जितेको थियो । यो पटक पनि समानुपातिक सिटलाई सोही अनुमान गर्दा कांग्रेसलाई एकल बहुमतका लागि प्रत्यक्षतर्फ ९८ सिट आवश्यक पर्छ ।

गठबन्धनका अन्य दल कांग्रेसलाई प्रत्यक्षतर्फ ९८ सिट दिन तयार छैनन् । सिट बाँडफाडमा कथं कांग्रेसलाई ९८ सिट दिने सहमति भयो भने पनि सबै क्षेत्रमा जितिन्छ भन्ने कुनै ग्यारेण्टी छैन । त्यसकारण एकल बहुमत ल्याउने कांग्रेसको योजना गठबन्धन गर्दा सफल हुने देखिँदैन ।

## चोलेन्द्रविरुद्धको...

पृष्ठ १ बाट जारी

मात्रै आयु भएको संसद्ले यसलाई किनारा लगाउन नसक्ने टिप्पणी गरे । नेपाली कांग्रेसकी सांसद डिला संग्रौलाले भने न्यायालयभित्रको विकृति र बेथितिलाई उत्कर्षमा पुऱ्याएको, बिचौलियाराज बढाएको र इजलास गठन तथा मुद्दा फैसलामासमेत मिलोमतोमा गरेको पाइएपछि प्रधानन्यायाधीविरुद्ध महाभियोग लगाइएको बताइन् ।

लामो समयसम्म नेपाल बार एसोसिएसन र नागरिक समाज आन्दोलनमा उत्रिएको स्मरण गर्दै सहज निकासका लागि राजीनामा नदिएपछि महाभियोगको प्रस्ताव ल्याएको उनको जिकिर छ ।

अब महाभियोग सिफारिस समितिले आफ्नो काम अघि बढाउनेछ । तर, समितिको पहिलो बैठक कहिले बस्ने भन्ने टुंगो लागिसकेको छैन । समितिको बैठक बस्नुअघि संसद् सचिवालयले समितिका लागि सचिव तोक्नेछ । त्यसपछि ज्येष्ठ सदस्यको नेतृत्वमा बैठक बस्नेछ । यसरी बसेको बैठकले समितिको सभापति तोक्नेदेखि सञ्चालन कार्यविधिसमेत बनाउनेछ ।

महाअभियोग सिफारिस समितिमा ११ सदस्य छन् । जसमा एमालेका विष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाङ्फे र कृष्णभक्त पोखरेल तथा कांग्रेसबाट मीनबहादुर विक र रामबहादुर विष्ट छन् । माओवादी केन्द्रबाट यशोदा सुवेदी गुरुङ र रेखा शर्मा तथा एकीकृत समाजवादीबाट कल्याणी खड्का, लोसपाबाट एकवाल मियाँ र जसपाबाट प्रमोद साह छन् ।

महाअभियोग प्रस्ताव प्राप्त भएपछि समितिले यथाशीघ्र कारबाही प्रारम्भ गर्नुपर्ने प्रतिनिधिसभा नियमावलीको नियम १६३ को उपधारा (१) मा उल्लेख छ। समितिले कारबाही अघि बढाएपछि प्रधानन्यायाधीशलाई सात दिनभित्र लागेको आरोपको सफाइ पेस गर्न मौका दिइनेछ । राणाले दिएको सफाइ सन्तोषजनक नभएमा वा तोकिएको म्यादभित्र उनी आफैं उपस्थित भई सफाइ पेस नगरेमा महाभियोग सिफारिस समितिले आफ्नो सिफारिससहितको प्रतिवेदन संसद्समक्ष पेस गर्नेछ ।

प्रतिवेदनमाथि बैठकमा छलफल हुने दिनको कम्तीमा दुई दिनअगावै सबै सदस्यलाई वितरण गर्नुपर्नेछ । सभामुखले तोकेको मितिमा समितिका सभापति वा कुनै पनि सदस्यले प्रतिवेदनलाई प्रतिनिधिसभामा पेस गर्ने छन् । त्यसपछि बैठकमा छलफल प्रारम्भ हुनेछ ।

यसरी प्रतिवेदनमाथि छलफल भइरहँदा कुनै सदस्यले संशोधन पेस गर्न वा पुनः छानबिन गर्न फेरि समितिमा फिर्ता पठाउने प्रस्ताव पेस गर्न सक्छन् । उक्त प्रस्ताव स्वीकृत भएमा प्रतिवेदन समितिमा फर्किनेछ र समितिले सात दिनभित्र पुनः छानबिन गरी बैठकमा पेस गर्नेछ । पेस भएको प्रस्ताव वा संशोधनमाथि संक्षिप्त छलफलपछि सभामुखले सबै संशोधन निर्णयार्थ संसद् बैठकमा पेस गर्ने छन् । त्यसपछि प्रतिवेदनमा उल्लिखित सिफारिसलाई निर्णयार्थ बैठकमा पेस गरिनेछ ।

महाभियोग प्रस्तावमाथि सभाको निर्णय प्रतिनिधिसभा सदस्यको दस्तखतसहितको मत विभाजनबाट हुनेछ । महाभियोग सिफारिस समितिसमक्ष पेस गरेको प्रतिवेदन प्रतिनिधिसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुईतिहाइ बहुमतले पारित भए प्रधानन्यायाधीश पदमुक्त हुने छन् । नभए उनी सर्वोच्च फर्किने बाटो खुल्नेछ ।

# विभिन्न देशको मुद्रा बरामद

**काठमाडौं(प्रस)–** अवैधरुपमा लुकाई छिपाई बाहिरी मुलुकतर्फ लैजान लागेको विभिन्न देशका मुद्राहरू बरामद गरेको छ । भारतीय नागरिक राहदानी नम्बर जेड५५६५७१५ बाहक ४३ वर्षीय अंकुर घनसे पटेललाई शनिबार प्रहरीले सो मुद्रासहित पक्राउ गरेको हो ।

उनको साथबाट प्रहरीले ३ हजार ६ सय अमेरिकी डलर, २ हजार १ सय ३० पाउण्ड स्टर्लिङ, ३ हजार २ सय यूरो, ४ हजार ४ सय ६५ यूएई दिराम र ४ हजार ६ सय ५० केन्याको स्टर्लिङ बरामद गरेको छ ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाको एक्स-रे मेसिनमा जाँच गर्दा झोलामा अवैध रूपमा लुकाई लैजान लागेको उक्त मुद्राहरू फेला पारी प्रहरीले पक्राउ गरेको हो ।

## गठबन्धन भत्काउने...

पृष्ठ १ बाट जारी

उनलाई उनको स्वाभिमानले झुक्न दिँदैन । यद्यपि, उनी वर्तमान सत्ता गठबन्धनलाई कसरी कमजोर बनाउन सकिन्छ भन्ने सोचिरहेका छन् । यसको एउटा उदाहरण गत स्थानीय निर्वाचनमा राप्रपा र लोसपासहितका दलसँग गरेको तालमेललाई लिन सकिन्छ ।

अहिले पनि उनी सत्ता गठबन्धनलाई कमजोर पार्न सके आफू बलियो हुने ध्याउन्नमा छन् । साना दलहरूको छलफललाई उनले समानान्तररूपमा अघि बढाइरहेका छन् । आइतबार मात्रै उनले नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकालगायतका नेताहरूसँग छलफल गरे ।

माओवादीभित्र वर्षमान पुन, नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीभित्र झलनाथ खनाल समूहको 'ग्रिन सिग्नल'ले पनि ओलीभित्र गठबन्धन तोड्न सकिन्छ भन्ने आशा पलाएको बुझ्न सकिन्छ ।

ओलीले शनिबार आयोजित एमालेको प्रदेश १ स्तरीय कार्यकर्ता भेलालाई गरेको सम्बोधनमा पनि यसको संकेत गरेका थिए । उनले वामपन्थी मात्र होइन गैरवामपन्थीलाई पनि आफ्नो पार्टीमा जोडिन आह्वान गरे ।

'म सबै पार्टीमा रहेका र खासगरी आफूलाई वामपन्थी र कम्युनिस्ट भन्ने साथीहरूलाई आह्वान गर्न चाहन्छु, कांग्रेसको बिँड भएर कम्युनिस्ट आन्दोलनलाई ढाल्ने र समाजवाद निर्माण गर्ने भुलभुलैयामा नफस्नुस् । फर्किनुस् । आउनुस्, वामपन्थी, देशभक्ति, राष्ट्रभक्ति र लोकतान्त्रिक आन्दोलनलाई सुदृढ गरौं । सबल पारौं । म सबै साथीहरूलाई आग्रह गर्न चाहन्छु' ओलीका अगाडि भनेका थिए, 'अरू पार्टीहरू, जो आफूलाई वामपन्थी भन्दैनन् । त्यसमा रहेका साथीहरूलाई पनि म आग्रह गर्न चाहन्छु । पन्थ-सन्थ केही होइन । मुख्य कुरा समृद्ध नेपाल, सुखी नेपाली हो । कुन पन्थ हो त्यो ? समाजवादको पन्थ हो, त्यही हो वामपन्थ भनेको ।'


**Narainapur Rural Municipality**

**Office of Rural Municipal Executive**

**Narainapur, Banke**

**Lumbini Province, Nepal**

## Invitation for Electronic Bids

**IFB No: NRM/WORKS/NCB/BUILDING/1-2079/080**

**First Date of Publication : 2079/04/23 (08/08/2022)**

**Deadline for Bid: 12:00 hours on 2079/05/22 (07/09/2022)**

1. The Government of Nepal [GoN] ***has allocated funds*** towards the cost of ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** of ***NRM/WORKS/NCB/BUILDING/1-2079/080*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Narainapur Rural Minicipality*** invites electronic bids from eligible bidders for ***Construction of Eight Room School Building in Mahateniya Village-01, Banke*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| Name of Project | Contract ID No. | Price of Bid Document | Bid Security Amount | Average Annual Construction Turnover of the best 3 years within last 10 years | Bid Capacity | Specific Construction Experience | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Minimum Work Experience of Similar Size & Nature | Construction Experience in Key Activities |
| Construction of Eight Room School Building in Mahateniya Village-01, Banke | NRM/ WORKS/ NCB/ BUILDING /1-2079/080 | NRs. 5,000/- | NRs. 8,00,000/- | NRs. 40.23 Million | NRs. 27.05 Million | At least One Project of worth NRs. 10.73 Million | Completion of at least one Project on Building with -100.76 Cum of Brick Masonry Works - 90.04 Cum of M20 Concrete works - 20.63 MT Rebar Works - 663 Sqm of Foamworks |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other, (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   **Name of Office: Narainapur Rural Municipality**
   **Address: Narainapur, Banke, Telephone: +977-9848073376**
   **Email: narainapur.rm073@gmail.com** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
5. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of ***NRs. 5,000.00*** for bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Sunrise Bank Limited
   **Name of the office:** Narainapur Rural Municipality, Narainapur, Banke
   **Office Code No.:** -
   **Revenue Account No.:** 0740488087703006, **Revenue Heading No.:** 14229
   and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
6. Pre-bid meeting shall be held at the office as mentioned in Narainapur Rural Municipality, Narainapur, Banke ***at 13:00 hours*** on **2079/05/13 (29/08/2022)**
7. Interested bidders should submit the bids **Electronically** only through e-procurement portal **http://www.bolpatra.gov.np/egp** only on or before **2079/05/22 (07/09/2022) *12:00 hours.*** Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System, Operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected.
8. The Electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2079/05/22 (07/09/2022)*13:00 hours*** at the office as mentioned. Non-attendance of any or all of the Bidder's representatives shall not hinder the opening of the Bids. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***NRs. 8,00,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid. ***Bidder who choose to deposit cash as bid security account is mentioned below:***
   ***Name of the Bank: Sunrise Bank Ltd.***
   ***Office Name:*** Narainapur Rural Municipality, Narainapur, Banke
   ***Deposit Account No:*** 0740488087701004 ***(Dharauti khata)***
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Bharat Basnet**

**(Act. Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सावधानी अपनाऔं

विश्वभरि फैलिरहेको मंकीपक्स रोग संक्रमणको जोखिम नेपालमा पनि छ । नेपाल-भारत खुला सिमाना भएको र विभिन्न देशबाट पर्यटकको आउजाउका कारण नेपाल मंकीपक्स रोगको संक्रमणको जोखिममा छ । यद्यपि, भाइरसबाट हुने एक किसिमको सरुवा रोग मंकीपक्स भने हालसम्म नेपालमा देखिएको छैन ।

भारतमा मंकीपक्सका बिरामी भेटिनु र खुला सीमा भएकाले संक्रमितले सजिलै नेपाल प्रवेश पाउने हुँदा नेपालमा उच्च जोखिम छ । भारतमा अहिलेसम्म नौ जना मंकीपक्सका संक्रमित फेला परिसकेका छन् । यस्तै अफ्रिका, युरोप, मध्यपूर्वी एसिया देशबाट पनि नेपालमा पर्यटक आउनसक्ने भएकाले जोखिम बढेको छ । विश्व स्वास्थ्य संगठनको तथ्यांकमा ८० देशका करिब २४ हजार मानिसमा मंकीपक्सको संक्रमण फैलिएको छ ।

यो रोगको जोखिमबारे सरकारले समुदायमा जानकारी गराउनु आवश्यक रहेको चिकित्सकहरु बताउँछन् । रोग सार्नेमध्ये ९७.५ प्रतिशत संक्रमण पुरुष-पुरुषबीच हुने यौन सम्पर्कबाट सर्ने गरेको पाइएको डब्ल्युएचओले जनाएको छ। तीमध्ये ३८ प्रतिशतमा एचआइभी ‘पोजिटिभ’ पाइएको छ । यस रोगको संक्रमण एक व्यक्तिले अर्को व्यक्तिमा २१ देखि २४ दिनभित्रमा सार्नसक्ने भएकोले एक महिनासम्म आइसोलेसनमा बस्नुपर्ने चिकित्सकहरू बताउँछन् ।

डब्ल्युएचओले मंकीपक्स संक्रमणको परीक्षण गर्नका लागि २५० किट उपलब्ध गराएको छ । अहिले सोही किटमार्फत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा मंकीपक्सको परीक्षण हुने गर्दछ । डब्ल्युएचओका जनस्वास्थ्यविज्ञ डा. शीतल अधिकारीले मान्छेबाट मान्छे र जनावरबाट मान्छेमा यो रोग सर्ने गरेको बताए । उनले छाला र मुखमा रहेको दाग, बिमिरा फुट्दा र नजिक रहेको व्यक्तिमा मंकीपक्स रोग सर्ने जानकारी दिए ।

घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरबाट निस्किएको तरल पदार्थ  जस्तैः थुक, ऱ्यालको सर्म्पकबाट, भाइरसबाट दूषित सतह र सामग्रीको प्रत्यक्ष सम्पर्कबाट, संक्रमित बाँदर, मुसा, लोखर्केलगायत जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि यो रोग सर्दछ । काटिएको, बिमिरा वा फुटेको छाला, आँखा, नाक वा मुख, श्वासनली जस्ता अंगबाट पनि यो भाइरस सर्ने गर्दछ ।

ज्वरो आउनु, सामान्य ज्वरो सुरु भएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखापर्नु, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किनु, टाउको ढाड र मांसपेशी दुख्नु, शरीरका ग्रन्थीहरू बढ्नु यस रोगका लक्षण हुन् । मंकीपक्स रोगका सम्भावित जटिलता आँखामा संक्रमण र दृष्टि गुम्नु, अन्य जीवाणुको संक्रमण, निमोनिया, मस्तिष्क ज्वर, गर्भ खेर जानुजस्ता रहेका छन् ।

मंकीपक्सको शंका वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, संक्रमित व्यक्तिलाई घरमा वा अस्पतालमा आइसोलेसनमा राख्ने, संक्रमित व्यक्तिको हेरचाह गर्नेले पूर्णरूपमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने, घाउसँग प्रत्यक्ष सम्पर्क हुन्छ भने पञ्जा लगाउने, निययमितरूपमा साबुन पानीले हात हुने वा स्यनिटाइजर प्रयोग गर्ने, संक्रमित व्यक्तिको लुगा, तौलिया, ओछ्यान र भाँडा तातो पानी, साबुन वा डिटर्जेन्टले धुने गर्नुपर्दछ ।

मंकीपक्सको संक्रमण पुष्टि भई बिरामी भएका वा मरेका जनावरको सम्पर्कमा नजाने, संक्रमितको सम्पर्कमा आएका व्यक्तिले पिसिआर परीक्षण गर्ने, संक्रमितको सम्पर्कमा आएको सतह स्थान वा कोठा डिटर्जेन्टले निसंक्रमण गर्ने, मासुजन्य खानेकुरा राम्ररी पकाएर मात्र खाने र फोहोरलाई उचित स्थानमा व्यवस्थापन गर्नुपर्दछ । तसर्थ, यस रोगको संक्रमणबाट बच्न सबैले सावधानी अपनाउन जरुरी छ ।

## मनन्योग्य

### विदुर नीति

जुन किसिमको सुखलाई उपभोग गर्दा मानिस धर्म तथा अर्थ (ज्ञान) बाट टाढा रहँदैन अथवा धर्म र ज्ञानबाट भ्रष्ट हुँदैन । त्यस किसिमको सुखलाई खुबै उपभोग गर्दै जाओस् । परन्तु अत्यधिक मात्रामा विषयलम्पट भएर धर्म र ज्ञानकै पर्वाह नगरी सुखसयलमा नलागोस् ।

दुःखी, प्रमादी, नास्तिक, अल्छी, असयमी र निरुत्साही मानिसमा सम्पत्ति रहँदैन र आफ्नो सरल स्वभावको कारणको गर्दा शान्त र सरल स्वभाव भएको मानिसलाई कमजोर र दुर्बल सम्झेर दुष्ट मानिसहरु सरल मानिसलाई दबाउने र तिरस्कार गर्ने गर्दछन् । यसैले अत्यधिक मात्रामा सरल (सोझो) हुनु पनि राम्रो होइन ।

अत्याधिक श्रेष्ठ, अतिशयदानी, अतीव शूरबीर, ज्यादै दृढव्रती, आफू ज्यादै नै बुद्धिमान छु भन्ने ठानेर घमण्ड गर्ने आदि स्वभाव भएका मानिसहरुको घरमा सायद डराएर होला लक्ष्मीले बास गर्दिनन् । त्यसैले अति सर्वत्र वर्जयेत् ।

लक्ष्मी अतीव गुणवान् र सर्वथा गुणले रहित भएको दुवै किसिमका व्यक्तिमा रहने गर्दिनन् । न त लक्ष्मीले अत्याधिक गुणलाई मन पराउँछिन् या गुनहिनताप्रति नै अनुराग राख्तछिन् यी अन्धी लक्ष्मी उत्तम गाई जस्ती हुन् जुन कतै कतै (थोरै ठाउँमा) माात्र पाइन्छन् ।

वेदहरुको फल भन्नु अग्निहोत्र आदि उत्तम कर्म रुप आचरण हो । शास्त्रहरुको फल (प्रयोजन) सदाचारलाई पालना गर्नु मानिएको छ । नारी (स्त्री) को प्रयोजन सम्भोग सुख प्राप्त गर्न र सन्तान पैदा गर्नका लागि हो । धनको प्रयोजन दान गर्न र उपभोग गर्नका लागि भन्ने कुरा सर्वसम्मत छ ।

जुन व्यक्तिले अधर्मद्धारा कमाएको धनले परलोकमा सुख पाऊँ भन्ने उद्देश्यले यज्ञ, दान आदि धार्मिक अनुष्ठानज गर्दछ, उसले मृत्युपश्चात्  पनि चाहेबमोजिम शुभफल भोग्न पाउँदैन । किनभने अर्धाजित तथा अनुचित उपायले आर्जित गरेको धनद्धारा काम गरेको धनद्वारा काम गरेको उसले शुभ फल भोग्न नपाउने भएको हो । वेदमा भनिएको छ, ‘अग्नेनय सुपथा राये’ हामीहरुमा उत्तम या सत्कर्मद्धारा नै धन कमाऔं ।

घनघोर जंगल र दुर्गम बाटोमा तथा कठोर आपत्विपत्को बेलामा पनि लुडाई झगडा आदि हलचलमा घवराइरहेको स्थितिमा आफूलाई मार्ने उद्देश्यले शस्त्र प्रहार गर्न लागेको देख्दा पनि जसलाई डर लाग्दैन त्यस्तो निर्भय मन भएको मानिस सत्व गुणले सम्पन्न हुन्छ ।

समुननतिको मूल आधार भन्नु- परिश्रम, समय, चलाखी, दक्षता, सावधानी (जागरुकता), धैर्य, स्मरण शक्ति, शोच विचार गरेर मात्र कार्यारम्भ गर्नु नै हुन् ।

तपस्वी (योगी) हरुको बल तपस्या हो, वेद वेत्ताहरुको बल क्षमा (सहनशीलता) हो । पानी, कन्दमूल, फल, दूध, ध्यू ब्राह्मणको इच्छा पूर्ण गराउनु, गुरुवचन र औषधि यी आठ कुराले ब्रत (अनुष्ठान) लाई व्यवधान गर्दैन । क्रमश :

# हराउँदै छ नुनसँग जोडिएको हिमाली कथा

▶▶ वासुदेव पौडेल

पहिलेपहिले नेपालका सबै पहाडी र हिमाली भेगका बासिन्दा नुन किन्न भोट या नेपालपट्टिका तिब्बती बजारसम्म पुग्थे । तामाकोसी, अरुण, त्रिशूली, भोटेकोसी, मर्स्याङ्दी, कालीगण्डकी र कर्णालीका उपल्लोतटीय किनार नुन व्यापारका मुख्य मार्ग नै थियो ।

वर्षा रोकिएपछि ती भेगका बासिन्दा भदौरे महिनामा तिब्बत गएर नुन र अरू सामग्री भेडा, च्यांग्रा या घोडालाई बोकाएर ल्याउने, महिनौं लगाएर हिउँदमा त्यो सामान बिक्री गर्न तराई र भारतीय सीमासम्म पुग्ने गर्दथे । गर्मी लाग्दै गर्दा तराईको अन्नपात बोकाएर पहाड, हिमाल फर्कने हिमालय सीमापार व्यापार गर्ने समुदायको नियमित कारोबार साटो आयोडिन नभएको नुन खाए गलगाँड आउँछ भनेर प्रचार गरिएको र केवल गाईभैँसीलाई मात्र खुवाउन थालिएपछि यहाँको नुनसँग जोडिएको मौलिकता नै ओझेलमा पारिएको स्थानीयवासीको दुखेसो छ ।

तत्कालीन समयमा कास्की, स्याङ्जालगायत आसपासका बासिन्दाले चामलसँग नुन साटेर लैजान्थे । अनुसन्धाता बरालका अनुसार तत्कालीन समयमा गण्डकी क्षेत्रका टुकुचे, दाना तातोपानी, तिप्ल्याङ, बीरेठाँटी मुख्य नुन व्यापार केन्द्रका रुपमा स्थापित बनेका थिए । टुकुचे यहाँको पुरानो भन्सार क्षेत्र हो । भोटका नुन व्यापारीले भण्डारण गर्ने र तल्लो पहाडकाले रुपमा रहेका कारण यो आवतजावत गर्दा बास बस्ने गन्तव्यका रुपमा विकास भएको थियो ।

दुई दशकअघिसम्म मुस्ताङका स्थानीयवासीले त्यहाँको स्थानीय नुन नै प्रयोग गरे पनि पछिल्ला समयमा उत्पादन नै रोकिएपछि प्रशोधित नुन नै खाने गरेका छन् । मुस्ताङको नुन खानी रहेको तेताङका स्थानीयवासीले उक्त खानीबाट अझै पनि नुनको पानी ल्याएर खाने गरेको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले जानकारी दिए ।

नुनखानी हिमाली मौलिकतासमेत भएको र यसलाई जोगाउनका लागि मुस्ताङस्थित तेताङको नुनखानी सञ्चालनमा ल्याउन कार्यालयबाट वार्षिक ८०० क्विन्टल नुन मुस्ताङका लागि जाने गरेको सो कार्यालयका प्रमुख वासुदेव उपाध्यायले जानकारी दिए । मुस्ताङको लागि साल्ट ट्रेडिङ कर्पोरेसनले बजारमा ल्याएको प्रशोधित भानु नामको नुन पठाउने गरेको छ ।

पछिल्ला समयमा चीनले सिल्क रोडका माध्यमबाट महादेशीय मुलुकलाई जोड्ने अन्तर्राष्ट्रिय व्यापारिक मार्गको पुरानो पहिचानलाई आधुनिक मार्गको जालोमा जोडने गरी रेशम मार्गको योजना अगाडि सारेका अवस्थामा यससँग जोडिएको नुनमार्ग पनि यतिखेर चासो र चर्चामा छ ।

पुरातत्त्व विभागले मुस्ताङको कोरला नाकाबाट कालीगण्डकी कोरिडोर हुँदै भएको



**मुस्ताङको छुक्सङस्थित तेताङमा नुनखानीको पहाडै छ । मुस्ताङको नुन खानीबाट निकालिएको नुन चोखो हुने धार्मिक जनविश्वाससमेत छ । कुनै शुभसाइत वा जललाई चोखो बनाउन यहाँका नुन प्रयोग गर्ने गरिएको र वास्तुशास्त्रीय हिसाबले पनि यसको विशेष महत्व मानिने भएकाले घरको जगसाइतमा मुस्ताङी नुनको प्रयोग गर्ने प्रचलन छ ।**

संस्कृति नै बनेको पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापनरत रामचन्द्र बरालको ‘नुन व्यापार मार्गसँग जोडिएका कालीगण्डकी भोट बेंसी सम्बन्धहरू’ शीर्षकको अनुसन्धानमा उल्लेख गरिएको छ ।

अन्यत्रको नुन व्यापारमा हिमाली खम्पा जातिको सक्रियता भए पनि कालीगण्डकी करिडोरको नुन व्यापारमा थकाली जातिको सक्रियता देखिएको बताउँदै बरालले तत्कालीन नुन अर्थतन्त्रमा आधारित भोट र पहाड बीचको सम्पर्क दूत थकाली जाति नै रहेको उल्लेख गरे ।

‘नुन लिन भोट’ भन्ने प्राचीन उखान मात्र नभएर बास्तविकता नै थियो । तर, पछिल्ला पुस्ताका लागि भने यो उखान एकादेशको कथा जस्तै बनेको छ । करिब दुई दशकअघिसम्म प्रशोधित आयोनुनको प्रयोग नभएका अवस्थामा नेपालमा विशेषगरी हिमाली भूभाग र चीनबाट नुन आयात हुने गर्दथ्यो ।

यातायातको पहुँच नभएका कारण नुन लिन हप्तौं हिँडेर ल्याउनुपर्ने तत्कालीन बाध्यता अहिलेका पुस्तालाई भने एकादेशको कथाजस्तै बनेको कास्की भरतपोखरीका ९० वर्षीय तिलकराम पौडेल बताउँछन् । उनलाई सुरुसुरुमा मुस्ताङको लेतेसम्म पुगेर नुन ल्याएको अनुभव अझै पनि ताजै छ । ढिके नुनका रूपमा चिनिने हिमाली भेगमा पाइने नुन साल्ट ट्रेडिङ कर्पोरेसनले आयोनुन बजारमा ल्याएसँगै छायाँमा परेको हो । हिमालपारिको जिल्ला मुस्ताङको छुसाङस्थित तेताङमा रहेको नुन खानी पछिल्ला वर्ष बन्द भएको छ ।

तिनताका नुन खानीकै कारण यहाँका धेरैले रोजगारीसमेत पाएका थिए । खानी बन्द भएसँगै रोजगारी त हटेको छ नै पैसा तिरेर महँगोमा नुन खानुपरेको स्थानीयवासीको गुनासो पनि छ । प्राचीन समयमा मुस्ताङको ढिके नुन देशका अधिकांश भागमा पुग्दथ्यो । बजारमा नुनको माग पूरा गर्न स्थानीयवासीलाई धौधौ थियो । नुन बेचेरै यहाँका स्थानीयवासीको जीविका चलेको थियो ।

पछिल्लो दशकमा नुन खानीको संरक्षणको नुन खरिद गर्ने केन्द्र बजारका रुपमा यसले आफ्नो स्थान ओगटेको थियो ।

तत्कालीन थकाली सुब्बाको नुन ठेकेदारीमा पहुँच घटेसँगै भन्सार दानामा सरेपछि टुकुचेको नुनबजार सुस्ताएको बराल बताउँछन् । टुकुचेबाट सरेको नुनबजारको केन्द्र दाना तातोपानी हुँदै क्रमशः भुरुङ तातोपानीतर्फ सरेको उनले बताए ।

विशेषतः ढाक्रेहरू र अन्य बटुवा तातोपानी कुण्डमा डुबेर भोटको चिसो फाल्ने मनसायले कुण्डनजिकैका भट्टीमा बस्ने क्रमसँगै दानापछिको नुनबजार केन्द्रका रुपमा तातोपानी स्थान ओगटेको थियो । कास्की वीरेठाँटी आउने ढाक्रे र पश्चिम बेनी तथा कार्कीनेटा जाने ढाक्रेको सामूहिक जमघट हुने र छुट्टिने स्थान यहीँ भएकाले तुलनात्मकरुपमा यहाँ बढी चहलपहल हुने गर्दथ्यो ।

नुन व्यापारकै अर्को केन्द्रका रुपमा रहेको तिप्ल्याङ मुस्ताङ प्रवेशका लागि कठिन भीरमुनिको बस्तीका रुपमा परिचित छ । बाह्रगाउँ सेरिवका स्थानीयले आफूले स्थानीय खानीबाट किने, पाएको नुन र भोटका व्यापारीसँग साटेको नुनलाई चामल र अन्य खाद्यान्न तथा लत्ताकपडाका लागि विनिमय गर्न टुकुचे आउन नसकेका ढाक्रेलाई बढी मोलमा नुन बेच्न पाइने आशामा तिप्ल्याङसम्म ल्याएर बेच्ने गर्दथे । यसो गर्दा भन्सारको समस्या नपर्ने र डरलाग्दो भीरको बाटो हिँड्न नपर्ने भन्दै ढाक्रेलाई केही बढी मूल्यमा नुन चामल साटिन्थ्यो । तिप्ल्याङ बजारमा प्रायः बेनीतर्फको कालीगण्डकी तटीय पदमार्गका ढाक्रेको जमघट हुन्थ्यो । भारी बोक्नसक्ने आँट भएका र अझ सस्तोमा नुन ल्याउने नाइकेको साथ पाएका ढाक्रे भने अझ उपल्लो बस्तीतिर लम्कँदै टुकुचा नै आउथे ।

बरालका अनुसार नुनबजारको केन्द्रका रुपमा रहेको वीरेठाँटी तत्कालीन समयको ढाक्रे विश्राम बजारका रुपमा परिचित थियो । भोट जाँदा उल्लेरीको उकालो चढ्नु पहिले बास बस्ने थलो र नुन बोकी ल्याउँदा चन्द्रकोट लुम्लेको उकालो चढ्नुपर्ने तयारीका लागि विश्राम गर्ने थलोका सरकारले प्रयास गरे पनि त्यो सार्थक हुन सकेको छैन । सांसद तुलाचनका अनुसार अघिल्लो वर्ष नुन खानी सञ्चालनका लागि बोलपत्र आह्वान भए पनि कसैको पनि निवेदन परेन ।

वि.सं. २०६० अघिसम्म स्थानीय शंकरमान शेरचनले तेताङको नुन खानीबाट नुन निकालेको भए पनि त्यसपछि भने उक्त नुन खानी बन्द रहेको छ । तत्कालीन समयमा शेरचनले वार्षिक ५० देखि ६० मुरीसम्म नुन उक्त खानीबाट निकाल्थे । ‘उत्पादनको अवस्थासँगै खानी सञ्चालनका लागि लाइसेन्स आदि प्रक्रियाका कारण पनि टेण्डर हुँदा पनि निवेदन पर्न सकेनन्,’ उनले भने, ‘यस क्षेत्रको प्राचीन मौलकता कायम राख्नका लागि नुन खानी सञ्चालनको जमर्को गरेका हौं ।’

मुस्ताङमा आउने पर्यटकलाई नुन खानीसम्म पुऱ्याउने र यहाँको कोसेलीका रूपमा किनेर लैजानसक्ने व्यवस्थाका लागि पनि सरकारले त्यसको सञ्चालनको सोच बढाएको हो । त्यसका लागि खानी तथा भूगर्भ विभाग र सम्बद्ध निकायका प्रतिनिधिसहितको प्राविधिक टोलीले नुनखानीको अध्ययन गर्दै उत्पादनका लागि आवश्यक प्रक्रिया बढाउन प्रतिवेदन बुझाएको थियो । सडकमार्गको पहुँच र नुन खानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइपलाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सो प्रतिवेदनमा सुझाव दिइएको थियो ।

मुस्ताङको छुक्सङस्थित तेताङमा नुनखानीको पहाडै छ । मुस्ताङको नुन खानीबाट निकालिएको नुन चोखो हुने धार्मिक जनविश्वाससमेत छ । कुनै शुभसाइत वा जललाई चोखो बनाउन यहाँका नुन प्रयोग गर्ने गरिएको र वास्तुशास्त्रीय हिसाबले पनि यसको विशेष महत्त्व मानिने भएकाले घरको जगसाइतमा मुस्ताङी नुनको प्रयोग गर्ने प्रचलन छ ।

तत्कालीन समयमा नुनकै लागि प्रख्यात मुस्ताङमा अहिले भने पोखराबाट प्रशोधित नुन जाने गरेको छ । पोखरास्थित साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड गण्डकी प्रदेश प्राचीन नुन व्यापार मार्गमा उत्तर र दक्षिणका छिमेकीबीचको रेशम मार्गसँगको सम्बन्धबारे प्रमाण जुटाउन छलफल एवं अन्तर्क्रिया पनि थालेको छ । रेशम मार्गसँग नेपालको संलग्नतामा भोट-मधेसको नुन व्यापार मार्गका रूपमा परिचित लोमन्थाङ-लुम्बिनीसम्मको प्राचीन मार्गलाई पहिचान गरी यस मार्गमा पर्ने बस्ती, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको सूक्ष्म अध्ययन अन्वेषण थालेसँगै यसले महत्त्व पाएको हो ।

विगतमा भोटमा निर्भर भएको नुनको आपूर्ति स्रोत मुस्ताङी मार्गबाट हुने नुन तथा ऊनको व्यापार चक्र रोकिएसँगै दक्षिणका सामुन्द्रिक नुनमा भर पर्न प्रेरित बनेको देखिन्छ । नुनका लागि भोट जाने ढाक्रेहरुले भदौमा भोटतिर जाँदा उनीहरू बाटामा जडीबुटी संकलन गर्दै जाने र बिक्री गरी त्यही पैसाले किनमेल गर्दा आर्थिक गतिविधि चलायमान बनेको थियो ।

तत्कालीन समयमा तिब्बतसँग जोडिएका विभिन्न क्षेत्रबाट नुन र ऊनको व्यापारका लागि विभिन्न मार्ग निर्माण भएको बताउँदै अनुसन्धाता बरालले यीमध्ये मुस्ताङ, रसुवाको केरुङ, उपल्लो डोल्पा र हुम्लाको लिमी उपत्यका प्रमुख रहेको बताउँछन् । यी क्षेत्रमा बसोबास गर्ने मानिस पहाडी र तराई क्षेत्रको अन्न भोटसम्म र भोटको नुन र उन नेपालका पहाडी र तराई क्षेत्रसम्म पुऱ्याउने उनले जानकारी दिए ।

नुनमार्गका ढाक्रेहरुलाई सुस्ताउने चौतारी, विश्राम गर्ने पाटी-पौवा, खोला तर्ने काठे साँघु निर्माण गर्ने र पानी खाने धारो बनाएर कृति राख्ने प्रचलन त्यसै समयदेखि सुरु भएको थियो । भोटबाट आयात हुने ढिके नुन र हिमाली क्षेत्रका नुन खानीबाट उत्पादित नुनले नेपालको नुन बजारको माग धानेकामा पछिल्ला समयमा देश पूर्णरुपमा नुनमा परनिर्भर बनेको छ । गलगाँडको प्रभाव आदिलाई देखाएर आयोडिनयुक्त नुन प्रयोगका नाममा हाम्रो भोटसँगको ‘साल्ट रोड’ तहसनहस पार्नुका साथै हिमाली जनजीवन, त्यससँग जोडिएका कथा र त्यहाँको अर्थतन्त्रलाई समेत परनिर्भर बनाइएको बरालको भनाइ छ । *रासस*

# ‘आपराधिक गतिविधि अन्त्य गर्नुपर्छ’

**■ प्रभाव संवाददाता**

**पोखरा–** गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले समाजमा शान्ति सुरक्षा कायम गराउन आपराधिक गतिविधि अन्त्य हुनुपर्नेमा जोड दिएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको आयोजनामा आइतबार आयोजित प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठीको उद्घाटन गर्दै उनले अनुसन्धानलाई अझै प्रभावकारी बनाउने गरी लागेर आपराधिक गतिविधि अन्त्य गर्नुपर्ने सुझाव दिए । उनले अपराध अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले खेलेको भूमिका प्रशंसनीय भएको उल्लेख गर्दै बढ्दो प्रविधिको विकाससँगै अपराधमा प्रयोग हुने गरेका नयाँ-नयाँ प्रविधि तथा प्रयोगको चुनौतीलाई प्रहरीले सामाना गर्दै अघि बढ्नुपर्ने बताए । प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउने कुरामा आफू प्रतिबद्ध रहेको बताउँदै मन्त्री विश्वकर्माले जुनसुकै अपराधमा दोषी उम्कन नहुने र निर्दोषी फस्न नहुने बताए ।

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा त्यसलाई निष्पक्ष र भयरहित बनाउने वातावरण तयार गर्न मातहतका निकायलाई निर्देशन दिए । उनले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी संगठन निरन्तर लागीरहेको बताए । उनले प्रहरीको मनोबल उच्च बनाउनका लागि संगठनलाई साधनस्रोत सम्पन्न बनाउनुपर्ने उल्लेख गर्दै यसबाट अनुसन्धानको प्रभावकारितामा पनि वृद्धि हुने अपेक्षा राखे ।

गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीले पछिल्लो समयमा अपराधको प्रवृत्ति बदलिएको जानकारी गराए । उनले समय सापेक्ष चुनौतीका रुपमा बढिरहेका अपराधजन्य गतिविधिको अनुसन्धान तथा नियन्त्रण अहिलेको आवश्यकता भएको बताए ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहितराज बाँस्तोला, प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदी, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकाल, प्रहरी नायब उपरीक्षक प्रवणकुमार विकलगायतले अपराधको अनुसन्धान र नियन्त्रणमा प्रहरीले खेल्दै आएको भूमिकाको बारेमा प्रशंसा गर्दै बदलिँदो परिस्थितीलाई आत्मसात गर्दै अघि बढ्ने विश्वास व्यक्त गरे ।

# बेतन कर्णाली आयोजनाबाट ३८४ परिवार प्रभावित हुने

**■ प्रकाश अधिकारी**

**कर्णाली–** निर्माणको तयारीमा रहेको बेतन कर्णाली जलविद्युत् आयोजना (४३९ मेगावाट)बाट सुर्खेत र अछामका तीन सय ८४ परिवार प्रभावित हुने भएका छन् । प्रवर्द्धन बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडका अनुसार तीन सय ३१ परिवारले घरजग्गा दुवै गुमाउने र ५३ परिवारले घर मात्र गुमाउने छन् ।

आयोजनाबाट अछामका ढकारी र तुर्माखाँद गाउँपालिका तथा सुर्खेतका चौकुन गाउँपालिका र पञ्चपुरी नगरपालिका प्रभावित हुनेछन् ।

तीन सय ३१ परिवारको ७० हेक्टर जग्गा अधिग्रहण गर्ने तयारी गरिएको आयोजनाका प्रबन्धक उपेन्द्र न्यौपानेले जानकारी दिए । यसबाट तीन सय ३८ निजी घर संरचना प्रभावित हुनुका साथै ३५ जना व्यापार व्यवसायबाट विस्थापित हुने उनले बताए ।

आयोजना निर्माणबाट तीन झोलुङ्गे पुल, एउटा लघु जलविद्युत, एउटा मन्दिर, आठ खानेपानी धारा र दुई सिँचाइ कूलो प्रभावित हुनेछन् ।

‘अछामतर्फको जग्गाको मुआब्जा निर्धारण समितिले मूल्यांकन गरिसकेको छ, बैंकको टुङ्गो लाग्न नसक्दा मुआब्जा वितरण हुन सकेको छैन,’ न्यौपानेले भने, ‘सुर्खेततर्फ मूल्यांकन हुन बाँकी छ, ऐलानी जग्गा र ती जग्गामा बनेका संरचनाको क्षतिपूर्तिका हकमा सरकारले निर्णय गर्छ ।’

आयोजनाले अछामतर्फ एक हजार आठ सय ४४ तथा सुर्खेतमा करिब चार सय रोपनी जग्गा अधिग्रहण गर्दैछ । प्रभावित क्षेत्रका लागि आयोजनाले कूल लागतको कम्तीमा ० दशमलव ५ प्रतिशत रकम छुट्याइ सामुदायिक सहयोग कार्यक्रम सञ्चालन गर्नेछ । ८८ अर्ब लागत रहेको यो आयोजना पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको प्रवर्द्धक कम्पनीले जनाएको छ ।

कर्मचारी सञ्चयकर्ताको मुख्य लगानीमा बन्न लागेको सो आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (ईआइए) अन्तिम चरणमा पुगेको छ । आयोजनाका प्रबन्धक न्यौपानेले जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, बैंक काउन्टर स्थापना गरी खाता खाल्न, बेलिब्रिज निर्माण गर्न, कन्स्ट्रक्सन पावर जडान र विद्युत् खरिद सम्झौता (पिपिए) गर्न बाँकी रहेको बताए ।

उनले भने, ‘अछामतर्फ पहुँच सडक निर्माण भइसक्यो, सुर्खेततर्फ सात किमी ट्र्याक खोल्न बाँकी छ, पिपिए एग्रिमेन्ट र कन्स्ट्रक्सन पावर जडानका लागि पनि प्रक्रिया अघि बढिसकेको छ, मुख्य ठेक्का लाग्न अझैं कम्तीमा एक/डेढ वर्ष लाग्छ ।’ यो अर्धजलाशययुक्त आयोजना हो ।

आयोजनाको बाँधस्थल अछामको ढकेरी गाउँपालिका-६ मालुमेला, सुर्खेतको चौकुने गाउँपालिका-६ र विद्युतगृह अछामको ढकेरी गाउँपालिकाकै टटालीघाटमा रहनेछ ।

डाइभर्सन टनेल चौकुने गाउँपालिका-६ मा पर्दछ । मुख्य पावरहाउसबाट ४३० दशमलव २ मेगावाट र वातावरणीय बहावबाट थप ८ दशमलव ८ मेगावाट विद्युत् उत्पादन गर्ने गरी डिजाइन गरिएको छ । मालुमेलामा एक सय ४० मिटर अग्लो बाँधबाट २१ किमी लामो कृत्रिम ताल बन्नेछ ।

कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने करिब छ लाख सञ्चयकर्ताको सञ्चित रकममा कोषबाट प्राप्त हुने प्रतिफललाई जलविद्युत् क्षेत्रको विकासमा लगानी गर्न कोषले आयोजना निर्माण गर्न लागेको हो ।

सेयर संरचना अनुसार कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता कर्मचारीको ४० प्रतिशत, कर्मचारी सञ्चय कोषको १५, नेपाल विद्युत् प्राधिकरणको १०, विद्युत् उत्पादन कम्पनी लिमिटेडको १०, प्रभावित बासिन्दाको १०, सर्वसाधारणको १३ र आयोजना प्रभावित क्षेत्रका अति विपन्न परिवारको दुई प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था गरिएको छ ।

यहाँबाट उत्पादित विद्युत्ले पहिलो वर्ष १४ अर्ब ५० करोड तथा निर्माण सम्पन्न भएको नौ वर्षपछि १८ अर्ब ३७ करोड २१ लाख वार्षिक आम्दानी गर्ने अनुमान गरिएको छ । रासस


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ISSAM KHAIRY KABBANI GLASS COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०१/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No.262319 चलानी नं. ६०१७८५१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 18 | 0 | 1000 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal

Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI ELITE COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति २०७९/०४/२० LT. No. 268373 चलानी नं. ६०१८४५५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६०,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम ईजाजत नं. ११८२/०७३/७४

Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENJAZ BUILDING CLENING SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०४/२२ LT. No. 269007 चलानी नं. ६०१८४७०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 06 | 01 | 1000 | ३४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कम्पनी काठमाण्डौ मिति : साउन ३० गते (15th Aug. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAPE LEAVES AND MORE ESTABLISHMENT TO SERVE MEALS (2050157513)

पूर्व स्वीकृति मिति: २०७९/०४/२२ LT. No.268813 चलानी नं. ६०१८४७१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौ, मिति: साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**साथै यस म्यानपावरको लागि निम्न पदहरुमा कर्मचारीको आवश्यकता परेको हुँदा ईच्छुक व्यक्तिहरुले सम्पर्क राख्नुहोला ।**

1. *Accountant -1(M/F)* म्यानपावर क्षेत्रमा ५ वर्षसम्म काम गरेको हुनुपर्ने
2. *Documentation Officer -2(M/F)* म्यानपावर क्षेत्रमा ३ वर्षसम्म काम गरेको हुनुपर्ने

**should be good looking & Smart**

श्रम ईजाजत नं. १०१५/०६८/६९

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945

Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## CROATIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUMBLE HUNTER D.O.O

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ पून विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No.263674 चलानी नं. ६०१८९८१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 80 | 800 | १,०३,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Production Worker | 0 | 20 | 500 | ६४,७०० | | | | | | | |
| 3 | Steel Fixer | 90 | 0 | 650 | ८१,११० | | | | | | | |
| 4 | Welder | 100 | 0 | 750 | ९७,०५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३० गते (15 th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ७५,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DULSCO HUMAN RESOURCES PVT. LTD.** श्रम ईजाजत नं. ५००/०६१/०६२

Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, Fax: +977-1-4111230



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ML PLASTICS INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२२ LT. No. 266531 चलानी नं. ६०१८४७३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५

**KINGFISHER OVERSEAS PVT.LTD**

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUDA SAEED MOHAMMED HOURY GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०४/२० LT. No. 268679 चलानी नं. ६०१८४५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pan Road Machinery Driver | 2 | 0 | 2000 | ६७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३० गते (15th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :Funoon Fahd Bin Humaidan Al Humaidan Contracting Est.

पूर्व स्वीकृति मिति २०७८/१०/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२२ LT. No. 257448 चलानी नं. ६०१८१२०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 05 | 0 | 1000 | ३३,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३० र ३१ गते (15 & 16 th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:नि:शुल्क।**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KEY FACILITIES MANAGEMENT INTERNATIONAL SAUDI AREBIA

पूर्व स्वीकृति मिति : २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No. 258483 चलानी नं. ६०१७७३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 10 | 0 | 1000 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन ३० गते (15th Aug. 2022) मा हुनेछ ।**

कम्पनी : ABDUL QADIR MOHAMMED SHANNON CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०४/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No. 267915 चलानी नं. ६०१८४६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Smith | 4 | 0 | 1300 | ४४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: साउन २९ गते (14th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :BAKERY OVEN for BREAD

पूर्व स्वीकृति मिति: २०७८/१२/२५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No.261142 चलानी नं. ६०१७७५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Public Baker | 1 | 0 | 1400 | ४७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MIRACLE TECHNICAL & CONT WLL

पूर्व स्वीकृति मिति: २०७९/०१/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२२ LT. No.262152 चलानी नं. ६०१७८३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन ३० गते (15th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम ईजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.co.np

# प्रभाव दैनिक

सोमबार, २३ साउन २०७९ (Monday, Aug 8, 2022)


रूपशाला

## तलासको दोस्रो गीत सार्वजनिक

